रारामा बढ्न थाले पर्यटक

राजबहादुर शाही (मुगु)

कर्णालीको प्रमुख पर्यटकीय गन्तव्य रारा घुम्न आउने आन्तरिक पर्यटकको संख्या बढेको छ। कोरोना महामारीका कारण ६ महिनादेखि सुनसान रारामा मानवीय चहलपहल बढ्न थालेको हो।

लकडाउन खुलेसँगै पर्यटक हवाई र सडक मार्गबाट रारा आउन थालेका छन्। एक महिनायता मुगुसहित जुम्ला, सुर्खेत, कालीकोट, दैलेखलगायत जिल्लाबाट रारा घुम्न जानेको संख्या बढ्दै गएको छ। कर्मचारी, व्यापारी र विद्यार्थी समूहमा घुम्न आउन थालेपछि रारामा मानवीय चहलपहल बढेको स्थानीय प्रकाश जैसीले जानकारी दिए। 'रारा घुम्न आउने उपयुक्त मौसम यही हो,' उनले भने, 'शनिबार र बिदाको दिन बढी चहलपहल हुन्छ, पर्यटकसँगै स्थानीय व्यापार बढेको छ।' यो समयमा रारासँगै आसपासका क्षेत्रको दृश्यावलोकन मनमोहक

कान्तिपुर

हुने उनी बताउँछन्। जुम्लाबाट आउने आन्तरिक पर्यटक बिहान आएर साँझ फर्कन्छन्। ६ महिनासम्म सुनसान बनेको रारामा आन्तरिक पर्यटक बढ्दै गएको हुटुस्थित डाँफे गेस्ट हाउसका प्रबन्धक बलीराज शाहीको भनाइ छ। दैनिक १५ देखि ४० जनासम्म पर्यटक रारा आउन थालेका छन्। 'जिल्लाबाहिरका पर्यटक एक दिन रारा बसेर फर्किन्छन्,' उनले भने, 'वर्षा सकिएसँगै यहाँ आउनेको संख्या बढ्दै गएको हो।' पर्यटक बढ्न थालेपछि बिदामा बसेका होटल कर्मचारीलाई रारा बोलाएको उनले जानकारी दिए। उनका अनुसार पर्यटकले हुटुका होटल भरिभराउ हुन थालेका छन्। पर्यटक बढेसँगै लामो समयदेखि बन्द रहेका झ्यारी, डाब, ताल्चलगायत क्षेत्रका होटल पनि खुल्न थालेका छन्। रारा घुम्न आएका आन्तरिक पर्यटक डुंगा चढेर रमाउने गरेको व्यवसायी दानबहादुर बुढाले बताए। उनका अनुसार केही पर्यटक घोडामा चढेर आसपासका गाउँमा घुम्न थालेका छन्। पर्यटक बढ्न थालेपछि रारा क्षेत्रमा कोरोना संक्रमण बढ्न नदिन उच्च सतर्कता अपनाइएको रारा राष्ट्रिय निकुञ्जका अधिकृत विष्णुप्रसाद थपलियाले जानकारी दिए।

दर्तावाला लेखापरीक्षक सदस्यहरूको पेशागत प्रमाणपत्रको वर्गवृद्धि सम्बन्धी आवेदन फाराम भर्ने सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५४ बमोजिम न्युनतम शैक्षिक योग्यता पुगेका यस संस्थाको सदस्यता प्राप्त "ग" र "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरुले अनुभवको प्रमाण पेश गरी वा वर्गवृद्धि परीक्षा दिई पेशागत प्रमाणपत्रको वर्गवृद्धि गर्नकालागि २०७७ असोज १३ गतेदेखि २०७७ कात्तिक ३ गते सम्म तोकिएको दस्तुर र २०७७ कात्तिक ६ गतेसम्म बिलम्ब दस्तुर सहित तोकिएको फाराम भरी आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

वर्गवृद्धिको आवेदन फाराम, पाठ्यक्रम र अन्य थप जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नुहुन वा संस्थाको वेबसाइट हेर्नुहुन अनुरोध छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
The Institute of Chartered Accountants of Nepal
(Established under The Nepal Chartered Accountants Act - 1997)
ICAN Marg, Satdobato Lalitpur / Post Box No. : 5289, Ph.: 5530730, 5530832
Web: http://www.ican.org.np, Email: ican@ntc.net.np

एकमुष्ट रुपमा प्रदान गरिने पुनरकर्जाको लागि आवेदन पेश गर्ने म्याद थप गरिएको सम्वन्धी सूचना

मिति २०७७/०६/१४ भित्र यस बैंकमा पेश गर्ने गरी मिति २०७७/०५/०१ (तदनुसार मिति 17 August, 2020) को कान्तिपुर दैनिक तथा यस बैंकको वेबसाइटबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई एकमूष्ट रुपमा प्रदान हुने पुनरकर्जाको लागि आवेदन आह्वान गरिएकोमा विभिन्न सरोकारवालाहरुबाट कोभिड-१९ को रोकथामको लागि विगतमा भएको लकडाउन, निषेधाज्ञा जस्ता कारणले समय बढाइदिन अनुरोध भई आएकोले उक्त आवेदन पेश गर्ने अन्तिम मिति २०७७ साल असोज ३० गते सम्म कायम गरिएको व्यहोरा सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

अर्थ संक्षेप

'सुजुकी पर्वोत्सव' योजना

काठमाडौं (कास)- सुजुकी कारको आधिकारिक विक्रेता तथा सीजी होल्डिङ्सको अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले दसैंतिहारका लागि 'सुजुकी पर्वोत्सव अफर' ल्याएको छ। यो योजनाअन्तर्गत ग्राहकले ३ लाख ५० हजार रुपैयाँ बराबरको नगद छुट, दुई लाख रुपैयाँसम्म एक्सचेन्ज बोनस, न्यूनतम २० प्रतिशत डाउन पेमेन्ट, १ वर्षको सवारी बिमा र गाडीका एक्सेसरिज निःशुल्क पाउनेछन्।

कियाको 'बिगेस्ट सरप्राइज अफ द इयर'

काठमाडौं (कास)- नेपालका लागि कोरियन अटो निर्माता कियाको अधिकृत विक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले चाडपर्वको अवसर पारेर 'किया बिगेस्ट सरप्राइज अफ द इयर' योजना सार्वजनिक गरेको छ। यो योजनाअन्तर्गत कियाका दुई मोडलका गाडी खरिदमा चार लाख रुपैयाँसम्मको सर्वाधिक डिस्काउन्ट पाउन सक्ने कम्पनीले जनाएको छ। योजना अवधिमा कियाको अल न्यु सेल्टोस र स्पोर्टेज गाडी खरिद गर्ने ग्राहकले उक्त डिस्काउन्ट पाउनेछन्। यो योजनामा गाडी खरिद गर्ने ग्राहकले एक वर्षको निःशुल्क बिमा सुविधा पाउनेछन्। गाडीको एक वर्षको सडक कर पनि कम्पनीले नै बेहोर्ने बताएको छ।

नबिलको सेयर धितोमा कर्जा

काठमाडौं (कास)- नबिल बैंकले पनि सेयर धितो राखेर कर्जा दिने भएको छ। त्यो पनि सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराउने बैंकको दावी छ। ५० लाख वा सोभन्दा बढीको नबिल सेयर कर्जा वार्षिक ७ दशमलव ७५ प्रतिशतको ब्याजदरमा पाइनेछ। दसैंको अवसरमा राष्ट्र बैंकको मार्गनिर्देशनभित्र रही बैंकका सबै शाखाबाट ग्राहकले सेयर धितो कर्जा लिन सक्नेछन्।

बबई रिसोर्टको सस्तो अफर

बर्दिया (कास)- बर्दियाको ठाकुरद्वारास्थित बबई रिसोर्टले आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सस्तो अफर ल्याएको छ। रिसोर्टले काठमाडौंलाई लक्ष्य गरेर दुई रात तीन दिनका लागि यस्तो अफर ल्याएको हो। कोरोनाका कारण थला परेको पर्यटन व्यवसायलाई उकास्ने उद्देश्यले अफर सार्वजनिक गरिएको रिसोर्टका सञ्चालक धर्म घिमिरे बताए। अफरअन्तर्गत प्रतिव्यक्ति १८ हजार ९ सय ९९ रुपैयाँमा काठमाडौं-नेपालगन्ज ओहोरदोहोर हवाई भाडा समेटिएको छ। त्यसबाहेक रिसोर्टबाट नेपालगन्ज विमानस्थलसम्म गाडीको सुविधा छ। पाहुनालाई कर्णाली चिसापानी अवलोकन गराउने घिमिरेले बताए। सोही खर्चमै रिसोर्टमा दुई रातका लागि डिलक्स कोठा उपलब्ध गराइने घिमिरेले जानकारी दिए। साथै ब्रेकफास्ट, एक दिनका लागि बिहान र दुई छाक बेलुकाको खाना उपलब्ध गराइनेछ।

पीसीएएफको स्टिअरिङ कमिटीमा एनएमबी

काठमाडौं (कास)- एबीएन एम्रो, मोर्गन स्टान्ली र अग्रणी अन्तर्राष्ट्रिय बैंकहरूको पार्टनरसिप फर कार्बन एकाउन्टिङ फाइनान्सियल (पीसीएएफ) को स्टिअरिङ कमिटीमा एनएमबी बैंक नियुक्त भएको छ। नेट जेरो एसेट अनर एलायन्स (एओए) सँगको सहकार्यमा पीसीएएफले आफ्नो सञ्चालक समितिमा एओएको एक प्रतिनिधिका रूपमा एनएमबी बैंकलाई समावेश गरेको हो। पीसीएएफ वित्तीय संस्थाहरूको विश्वव्यापी साझेदारी हो।

पुनर्कर्जाको...

जसमा साधारण पुनर्कर्जा ५ अर्ब ८८ करोड र भूकम्पपीडितलाई प्रवाह गरिएको पुनर्कर्जा १ अर्ब ६१ करोड रुपैयाँ छ।

ग्राहकको गुनासो सुनुवाइ गरिने

राष्ट्र बैंकले वित्तीय क्षेत्रका ग्राहकको संरक्षण तथा गुनासो सुनुवाइलाई प्रभावकारी बनाउने भएको छ। यसका लागि वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि ०७७ जारी गरिएको छ। राष्ट्र बैंकले यसअघि नै गुनासो सुनुवाइ गर्दै आएको छ। अहिले कार्यविधि बनाएर थप प्रभावकारी बनाउन लागिएको हो।

बैंक तथा वित्तीय संस्थाका ग्राहकले वित्तीय सेवा प्रदायकबाट निष्पक्ष, पारदर्शी, विश्वसनीय साथै कानुन, नीति, निर्देशनअनुरूपको वित्तीय मध्यस्थता सेवा प्राप्तिको सुनिश्चितता प्रदान गरी वित्तीय ग्राहकको पीरमर्का, गुनासो सहज र सरल रूपमा प्राप्त गरी उचित व्यवस्थापन गरी वित्तीय ग्राहकको हित संरक्षण गर्न कार्यविधि जारी गरेको राष्ट्र बैंकले जनाएको छ। 'वित्तीय सेवा प्रदायकबाट हुने असहयोग, ढिलासुस्ती, बेवास्ता, पक्षपात, गैरजिम्मेवारी, लापरवाही, झूटो, गलत सूचना सम्प्रेषण, अपारदर्शी कारोवार जस्ता नकारात्मक व्यवहारलाई न्यूनीकरण गर्न, आफूले प्रदान गर्ने सेवा सम्बन्धमा न्यूनतम मापदण्ड पूरा गरी वित्तीय ग्राहकलाई निष्पक्ष र समान वित्तीय मध्यस्थता सेवा प्रदान वा प्राप्त गर्न वा गराउन प्रोत्साहन गर्न,' कार्यविधिमा भनिएको छ, 'वित्तीय ग्राहकलाई वित्तीय सेवा प्रदायकबाट नीति निर्देशनविपरीत निक्षेप संकलन, कर्जा प्रवाह, कर्जा असुलीलगायत अन्य वित्तीय मध्यस्थता सेवा प्रवाहमा गरिने विभेद तथा क्षति न्यूनीकरण गर्ने उद्देश्य छ।' गुनासो व्यवस्थापनका लागि वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा एक समिति गठन हुने व्यवस्था कार्यविधिमा छ। जसमा अर्का डेपुटी गभर्नर, नियमन, सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक अर्थ मन्त्रालयका सहसचिव, बैंकर्स संघका अध्यक्ष, उद्योग वाणिज्य संघका अध्यक्षलगायत सदस्य रहनेछन्।

नेपाल स्टक एक्सचेन्ज

१२ असोज २०७७ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
युनिलिभर नेपाल	१८०२५	१७९०१	२३६	-१२४
राष्ट्रिय बीमा कम्पनी	११४५२	११३६५	६५६	-८७
राष्ट्रिय बीमा कम्पनी प्रो.से.	१०३२०	१०१६५	७७७	-१५५
साल्ट ट्रेडिङ कर्पोरेसन	३६००	३५४५	६६०	-५५
सिटिजन इनभेस्टमेन्ट ट्रस्ट	३५०५	३४९५	५३३२	-१०
हिमालयन डिस्टिलरी	१८०७	१७९०	१६१०४	-१७
विशालबजार कम्पनी	१६१२	१६१०	९७	-२
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स	१५६४	१५५६	९५५	-८
नेसनल माइक्रोफाइनान्स	१५३९	१५१३	५२०	-२६
लाइफ इन्स्योरेन्स को.	१४८५	१४८०	३८८४	-५
साना विकास बैंक	१३७०	१३८७	१००२५	१७
नेपाल लाइफ इन्स्योरेन्स क. लि.	१३७९	१३७२	३६३५६	-७
जनउत्थान सामुदायिक लघुवित्त	१३७८	१३६६	२६०	-१२
शिखर इन्स्योरेन्स	१३२१	१३२०	२५९४७	-१
स्वाबलम्भन लघुवित्त	१२७१	१२६८	१६८४	-३
ग्लोबल आईएमई लघुवित्त	११९१	११७०	३३४१	-२१
छिमेक लघुवित्त	११३१	११२५	८८०५	-६
लक्ष्मी लघुवित्त	११२५	११२०	९५७	-५
उन्नती सहकार्य लघुवित्त	१११०	१०९०	१०४४	-२०
एनआरएन लघुवित्त	१०८८	१०७०	१४४३	-१८
केवीएल डिबेन्चर ०८६	१०५०	१०५०	१००	०
एसबीएल डिबेन्चर ०८२	१०३५	१०२६	३५	-९
नेपाल एसबीआई बैंक डिबेन्चर	१०१५	१०१५	२५	०
सानिमा बैंक डिबेन्चर	१०१२	१०००	३००	-१२
निर्धन उत्थान लघुवित्त	९७७	९७२	५०२	-५
स्वाभिमान लघुवित्त	९८४	९५६	१२६२	-२८
सूर्योदय लघुवित्त	९६४	९४३	१९३७	-२१
स्पर्श लघुवित्त	९३७	९४०	६१९	३
मिर्मिरे माइक्रोफाइनान्स	९१०	९१९	१४६९	९
सगरमाथा इन्स्योरेन्स	९२४	९१९	४२५८	-५
विजय लघुवित्त	९२४	९१५	१५८८	-९
सपोर्ट माइक्रोफाइनान्स	८४१	८८४	३८७	४३
नबिल बैंक	८७४	८७१	१७६७६	-३
डिप्रोक्स लघुवित्त	८७३	८७०	४३३१	-३
सबैको लघुवित्त	८६८	८६५	१६८३	-३
नेपाल रिइन्स्योरेन्स क. लि.	८६०	८५६	७४५२०	-४
स्वरोजगार लघुवित्त	८५५	८५४	३०२३	-१
आशा लघुवित्त	८५०	८५०	४५०७	०
आरएमडीसी लघुवित्त	८५०	८५०	७३३५	०
एनएमवी माइक्रोफाइनान्स	८४१	८३८	४५०५	-३
इन्फीनिटी लघुवित्त	८४०	८३३	२१६६	-७
साधना लघुवित्त	८२८	८२३	२०१०	-५
गणपति माइक्रोफाइनान्स	८१५	८२१	३९९	६
नेको इन्स्योरेन्स	८१८	८१९	४५२६४	१
सामुदायिक लघुवित्त	८०१	७९२	५२५	-९
घेडीघोडा लघुवित्त	८०२	७९१	२७०	-११
प्रिमियर इन्स्योरेन्स	७८०	७७५	१४३०२	-५
नेसनल लाइफ इन्स्योरेन्स	७६२	७६०	१९७६४	-२
नेडेप लघुवित्त	७६२	७५९	१८३१०	-३
मेरो माइक्रोफाइनान्स	७५८	७५६	१२५१७	-२
नेरूद्धे लघुवित्त	७६६	७५६	२७००	-१०
गुराँस लघुवित्त	७४६	७४७	५५३	१
सिद्धार्थ इन्स्योरेन्स	७४९	७४५	९७१०	-४
मिथिला लघुवित्त	७४७	७४०	१८८८	-७
कालिका माइक्रोक्रेडिट डे. बै.	७४४	७३६	३३११	-८
शिभम् सिमेन्ट	७४१	७३५	१६२३७	-६
एभरेस्ट बैंक	७३२	७३२	१२४९३	०
एसियन लाइफ इन्स्योरेन्स	७३५	७२६	१३६४७	-९
नेपाल दूरसञ्चार कम्पनी	७०३	७०९	५६२५	६
एनएलजी इन्स्योरेन्स	७२८	७०९	१८८६३	-१९
सिभिल लघुवित्त वित्तीय संस्था	७१०	७०५	२२५	-५
नेपाल सेवा लघुवित्त	७०५	६९६	५९०	-९
महिला सहयात्रा माइक्रोफाइनान्स	६९१	६८३	५२६	-८
स्ट्यान्डर्ड चार्टड बैंक	६६८	६६४	१२१२१	-४
प्राइम लाइफ इन्स्योरेन्स	६५८	६५४	१२००८	-४
रिलायन्स लाईफ इन्स्योरेन्स	६३६	६३१	३१३२०	-५
गुराँस लाइफ इन्स्योरेन्स	६२०	६१६	८५७१	-४
सुर्य लाइफ इन्स्योरेन्स	६१७	६१३	१८६८३	-४
प्रभु इन्स्योरेन्स	६००	६०१	११५०१	१
फस्ट माइक्रोफाइनान्स	५७९	५८४	२२११४	५
एनआइसी एसिया बैंक	५८०	५७९	४६४८६	-१
हिमालयन बैंक	५६९	५६४	१३९२	-५
नेपाल इन्स्योरेन्स	५६२	५५६	११९२३	-६
आरएसडीसी लघुवित्त	५५२	५५५	६४३३	३
आईएमई जनरल इन्स्योरेन्स	५५१	५४५	३९६४	-६
प्रुडेन्सियल इन्स्योरेन्स	५४२	५३७	१२०७७	-५
लुम्बिनी जनरल इन्स्योरेन्स	५४०	५३५	९३५०	-५
एभरेस्ट इन्स्योरेन्स	५३५	५३४	८७७८	-१
ग्रामीण विकास लघुवित्त	५३०	५२७	१३९२७	-३
चिलिमे हाइड्रोपावर	५१०	५१७	७३४९५	७
अजोड इन्स्योरेन्स	५१०	५११	१०४३५	१
हिमालयन जनरल इन्स्योरेन्स	५१४	५०७	९५१३	-७
कृषि विकास बैंक	४४०	४४१	३१६४५	१
नेपाल एसबीआई बैंक	४२८	४२८	९४५८	०
युनाइटेड इन्स्योरेन्स	४२९	४२६	१२६५५	-३
नेपाल इन्भेस्टमेन्ट बैंक	४२४	४२०	२१३१२	-४

कुल कारोबार मूल्य : १,६९०,१५४,५२५ **कारोबार संख्या :** ३०,५९६
सेयर संख्या : ६,९९७,४२० **नेप्से :** १,५६०.८३ (-४.७३)

दिप्रुङ चुईचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
प्रदेश नं. १, नेपाल

करार सेवामा पदपूर्ति सम्बन्धि सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७७/०६/१३)

यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाले कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि ५ शैयाको अस्पताल संचालन गर्न तपसिल वमोजिमको स्वास्थ्य कर्मचारीहरु करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र दरखास्त पेश गर्नुहुन भनी मध्यान्ह राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएकोमा तपसिल बमोजिमको पदको लागि पर्याप्त दरखास्त नपरेको हुँदा पुन ७ (सात) दिनको म्याद थप गरी तपसिल बमोजिमका पदमा दरखास्त आह्वान गरिएको छ।

तपसिल :

१. आवश्यक पद :

क्र.सं.	विज्ञापन नं.	पद	माग संख्या	न्यूनतम शैक्षिक योग्यता	दरखास्त दस्तुर
१	०१/०७७-०७८	मेडिकल अधिकृत	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता तथा नविकरण भएको हुनुपर्नेछ।	१०००
२	०४/०७७-०७८	कार्यालय सहयोगी	१	साधारण लेखपढ	३००

२. सेवाको किसिम : अस्थायी(करार सेवा)

३. दरखास्तका साथ संलग्न हुनुपर्ने कागजातहरु :
- गाउँपालिकाबाट प्राप्त हुने निर्धारित ढाँचाको आवेदन फाराम, उक्त फाराम गाउँपालिकाको वेबसाइट :- www.diprungmun.gov.np/content/form बाट प्राप्त गर्न सकिनेछ।
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपि
- तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपि

४. उमेरको हद :
- मेडिकल अधिकृत पदको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको
- का.स. पदको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

५. तलवभत्ता तथा अन्य सेवा सुविधाहरु : गाउँपालिका र उम्मेदवारको आपसी सहमति अनुसार तलबभत्ता उपलब्ध गराइनेछ साथै मेडिकल अधिकृतको हकमा उक्त सेवामा खटिएका डाक्टरलाई यसै आ.व. देखि गाउँपालिकाको लगानीमा खोलिने अस्पतालमा कार्य गर्नको लागि विशेष प्राथमिकता प्रदान गरिनेछ।

६. परीक्षा दस्तुर बुझाउने प्रकृया :
- सानीमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर **०७१०१००४०००००१४**(GA 1.1 ANTARIK RAJASHWO KHATA) मा जम्मा गरी उक्त भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

७. परीक्षाको किसिम : आवश्यकता अनुसार

८. दरखास्त फाराम बुझाउने स्थान : दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय प्रशासन शाखा वा यस कार्यालयको ईमेल ठेगाना info@diprungmun.gov.np/ito.diprungmun@gmail.com मार्फत आवश्यक कागजातहरु PDF बनाई मर्ज गरी आवेदन साथ ईमेल गर्न सकिनेछ।

९. परीक्षा सम्बन्धि जानकारी : पछि प्रकाशन गरिनेछ।

१०. थप जानकारीको लागि : ९८५२८३२६४५, ९८४२८३३६२२, ९८०७७८९११३, ९८१३८५११६३ मा सम्पर्क गर्नुहोला।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ।

नोट : दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

Notice for Submission of Examination Forms

CA Membership and AT Examination of September 2020

This is to notify to all concerned that the examination forms for the **Chartered Accountant Membership Examination** of September 2020 in pursuance with Rule 41 of the Nepal Chartered Accountants Regulations, 2004 and the examination forms for the **Accounting Technician Examination** of September 2020 in pursuance with Bye-Law 14 of the Accounting Technician Bye-Laws, 2067 can be submitted from **29 September, 2020 (13 Asoj, 2077)** till **19 October, 2020 (3 Kattik, 2077)** with payment of normal fees and till **22 October, 2020 (6 Kattik, 2077)** with payment of late fees. The Examination will be conducted in **Kathmandu centre** only.

The candidates appeared in the CA Membership Examination held in June 2017 or before are eligible to apply for CA Membership Examination of September 2020. For all other candidates to be eligible to apply for CA Membership Examination of September 2020, six months internship should be completed at the time of submission of application for examination.

The examination forms either can be obtained from the Institute or can be downloaded from the Institute's website: www.ican.org.np.

The examination schedule shall be published later on.

For more information please contact the examination department at ICAN.

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
The Institute of Chartered Accountants of Nepal
(Established under The Nepal Chartered Accountants Act - 1997)
ICAN Marg, Satdobato Lalitpur / Post Box No. : 5289, Ph.: 5530730, 5530832
Web: http://www.ican.org.np, Email: ican@ntc.net.np

माथिल्लो चमेलियाको वित्तीय व्यवस्थापन

काठमाडौं (कास)- अपी पावर कम्पनी लिमिटेडले निर्माण गर्न लागेको ४० मेगावाटको माथिल्लो चमेलिया जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ। ७ अर्ब ४० करोड लगानी रहेको आयोजनाका लागि हिमालय बैंक लिमिटेडको नेतृत्वमा ७० प्रतिशत अर्थात् ५ अर्ब १८ करोड लगानी गर्ने गरी वित्तीय व्यवस्थापन भएको हो। आइतबार अपी कम्पनी र सम्बन्धित बैंकका प्रतिनिधिबीच ऋण सम्झौतामा हस्ताक्षर भएको हो। आयोजनामा हिमालन बैंक लिमिटेडको १ अर्ब २५ करोड, कर्मचारी सञ्चय कोषको एक अर्ब, सेञ्चुरी कमर्सियल बैंक लिमिटेडको ६० करोड तथा राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र नेपाल बंगलादेश बैंकको ७५/७५ करोड लगानी हुँदै छ।